आज मिति २०७५ साउन २७ गते आइतबारका दिन यस दक्षिणकाली नगरपालिकाका नगरप्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगरकार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ५१ औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :-

पदाधिकारी

| | | | |
|---|---|---|---|
| १. | नगरप्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. | ३ नं. **वडाका कार्यवाहक** वडा अध्यक्ष श्री मनोज बस्नेत | - | सदस्य |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | - | सदस्य |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा पोडे | - | सदस्य |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. | महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. | महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल) | | सचिव |

सहयोगी कर्मचारी :-

| | | | |
|---|---|---|---|
| १ | श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २ | श्री सोमा खड्का | - | शाखा अधिकृत |
| 3 | श्री गीता तामाङ | - | कम्प्युटर अपरेटर |

दक्षिणकाली नगरपालिकाभित्र रहेका गुम्बाहरुलाई करको दायरामा ल्याउने प्रयोजनको लागि आर्थिक ऐन, २०७५ मा करका दरहरु तोकिएकोमा गुम्बाका प्रतिनिधि/केही व्यक्तिहरुले सामाजिक संजालमा गरेको अनर्गल प्रचारमा हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । सो सम्बन्धमा मिति २०७५/४/२८ गते गुम्बाहरुका प्रतिनिधिहरुलाई बोलाएर उनीहरुसँग विस्तृत छलफल गर्नको लागि नगरपालिकामा बोलाउने र नगरसभाका सम्पूर्ण सदस्यहरुलाई उपस्थितिको लागि पत्राचार गर्ने निर्णय गरियो ।